# नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

INTERNATIONAL YEAR OF MILLETS 2023

# अन्तर्राष्ट्रिय कोदोजन्य बाली बर्ष २०२३ कार्यान्वयन कार्यविधि

**२०७९ पौष**

## १. पृष्ठभूमी

विगतमा खाद्य सुरक्षा तथा पोषणको महत्वपूर्ण आधारको रुपमा रहेको कोदोजन्य बालीहरुको उत्पादन तथा उपभाग घट्दै गइरेहको पाइन्छ । यसो हुनुका पछाडी आधुनिक जीवन शैली र सोसँगै खाने बालीमा आएको परिवर्तनले मूल रुपमा प्रभाव पारेको देखिन्छ । तथापी कोदोजन्य बालीहरुको पौष्टिक महत्व तथा जलवायु अनुकुल लगायतका कारण पछिल्लो समय कोदोजन्य बालीहरु प्रति आम चासो बढ्दै गएको पाइन्छ भने कतिपय देशहरुले यस्ता बालीहरुको प्रवर्द्धनको लागि अभियान नै संचालन गर्ने गरेको पाइन्छ ।

यसै सन्दर्भमा संयुक्त राष्ट्र संघले सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षको रुपमा मनाउने घोषणा गरिसकेको छ । यसै परिप्रेक्ष्यमा नेपालमा पनि तिनै तहका सरकारहरु र अन्य सरोकारवाला निकायहरुको पहल र संलग्नतामा उक्त अन्तर्राष्ट्रिय कोदो वर्ष मनाइने छ । यसै सन्दर्भमा, लोगो, नारा र अन्य प्रचारात्मक सामग्री उत्पादन र वितरण गरि जनवरी १, २०२३ मा एक कार्यक्रमका विच वर्ष घोषणा गरि सन् २०२३ भरि नै देश भरि नै विभिन्न कृयाकलापहरु सञ्चालन गरिने छन् ।त्यसै गरि प्रदेश स्तरमा समेत प्रादेशिक अन्तर्राष्ट्रिय कोदोजन्य बाली बर्ष २०२३ कार्यान्वयन समिति गठन गरि वर्ष मनाउनको लागि अनुरोध गरिने छ ।साथै प्रत्येक स्थानीय तहहरुले पनि अन्तर्राष्ट्रिय कोदोजन्य बाली बर्ष २०२३ वर्ष कार्यान्वयन गर्न अनुरोध गरि पत्राचार गरिने छ । त्यसै गरि अन्य सरोकारवाला निकाय तथा संस्थाहरुलाई पनि वर्ष मनाउनको लागि अनुरोध गरि पत्राचार गरिने छ।

चालु आर्थिक वर्ष २०७९/८० लाई राष्ट्रिय कृषि जैविक विविधता वर्षको रुपमा मनाउने नेपाल सरकारको निर्णय भए बमोजिम कोदोजन्य बालीको संरक्षण र प्रवर्द्धनको लागि दुवै वर्षहरु एक आपसमा परिपुरक हुने गरि मनाइने छ। बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र अन्तर्राष्ट्रिय कोदोजन्य बाली बर्ष २०२३ सचिवालयको रुपमा रहने छ।

## २. उद्देश्य, नारा र अन्तर्राष्ट्रिय कोदोजन्य बाली बर्ष २०२३ कार्यान्वयनको प्रमुख विषय क्षेत्रहरु

संयुक्त राष्ट्र संघको आह्वानमा घोषणा गरिएको अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष,२०२३ (International year of millets, 2023) मनाउनुको मूल उद्देश्य कोदोजन्य बालीहरुको स्वास्थ्यको लागि फाइदा एवं जलवायु परिवर्तन अनुकूलताको गुणबारे प्रचार प्रसार गरि आम सरोकारवालाहरुबीच यस बारे सचेतना बृद्धि मार्फत कोदोजन्य बालीको उत्पादन, उपभोग र मूल्य श्रृंखला विकासमा टेवा पुर्याइ दीगो र उत्थानशील खाद्य तथा कृषि प्रणालीको विकासमा योगदान गर्नु रहेको छ ।

**२.१ अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष,२०२३ को नेपालको सन्दर्भमा मूल विषयवस्तु वा थिम**

**खाद्य सुरक्षा, पोषण एवं वातावरण र ग्रामिण नेपालको रुपान्तरणको लागि कोदोजन्य बाली**

**(Millets for food security, nutrition, environment and transformation of rural Nepal)**

### २.२ कोदोजन्य बाली वर्षमा सञ्चालन गरिने कृयाकलापको प्रमुख विषय क्षेत्रहरुः

- कोदोजन्य बालीको महत्वबारे सचेतना र क्षमता विकास
- प्रमुख कोदोजन्य बालीहरुको परिकार विविधिकरण एवं मूल्य अभिवृद्धि
- प्रमुख कोदोजन्य बालीहरुको मूल्य श्रृंखला विकास तथ बजार प्रवर्द्धन
- कोदोजन्य बालीको रैथाने जातको संरक्षण
- कोदोजन्य बाली सम्वद्ध अनुसन्धान एवं जातिय र प्रविधि विकास
- कोदोजन्य बालीको संरक्षण र विकासको लागि नीतिगत सुधार
- अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान र सहकार्य
- तिनै तहका सरकारहरुको कृषि नीति एवं कार्यक्रममा कोदोजन्य बालीको विकास एवं प्रवर्द्धनको मूलप्रवाहिकरण ।

## ३. अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षमा संचालन गरिने प्रमुख कृयाकलापहरु –

### ३.१ सचेतनामूलक कृयाकलापहरु

- भिडियो जिंगल प्रतियोगीता
- सार्वजनिक संचार माध्यमहरुबाट वर्ष भरिनै सूचनामूलक सामाग्री प्रकाशन प्रसारण
- सबै सरकारी निकायहरुमा वर्ष सम्बन्धित स्टिकर टाँस्ने
- सार्वजनिक स्थान, समारोह, सभा, सम्मेलनमा मन्तव्य,तुल ब्यानर प्रदर्शन
- हुलाक टिकट प्रकाशन
- भिडियो डकुमेन्ट्री निर्माण र प्रसारण
- वर्ष भरिनै कृषि रेडियो/टिभीबाट कार्यक्रम प्रसारण
- रेडियो जिंगल प्रसारण
- सद्भाभावना दूत परिचालन
- पोष्टर, पम्पलेट, स्टिकर, फ्लायर आदि प्रकाशन र वितरण
- गित/दोहरी गित, कविता, निवन्ध, मुक्तक आदि प्रतियोगिता

### ३.२ मूल्य अभिवृद्धि तथा मूल्य श्रंखला विकासका कृयाकलापहरु

- स्टार्ट अप च्यालेन्ज फण्ड
- राष्ट्रिय कोदोजन्य बाली प्रदर्शन तथा परिकार महोत्सव
- कोदोजन्य बालीमा आधारित परिकार तयारी बैदेशिक तालिम
- रेसिपी विकास तथा प्रकाशन
- कोदोजन्य बालीमा आधारित रेसिपी तालिम
- कोदोजन्य बालीमा आधारित विभिन्न परिकार एवं खाद्य वस्तुको ब्राण्डिङ्ग तथा बजार प्रवर्द्धन (जस्तै कोदोको रक्सि, कागुनोको खिर, छ्याङ्ग, तोङ्गवा, कालो केक आदि )
- कोदोजन्य बाली उत्पादन तथा प्रशोधनमा उपयोग गरिने मेशिनरी तथा उपकरण अनुदानमा उपलब्ध गराउने
- कोदोजन्य बालीका उत्पादन संकलन तथा प्रशोधन केन्द्र स्थापना सहयोग

- कोशेली घर स्थापना र सञ्चालन सहयोग
- होमस्टे प्रवर्द्धन
- कोदोजन्य बाली उत्पादन र मूल्य श्रंखला विकासमा योगदान पुर्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत तथा सम्मान गर्ने ।

## ३.३ अध्ययन तथा तथ्यांक

- अन्तर्राष्ट्रिय/राष्ट्रिय कोदोजन्य बाली सम्मेलन एवं प्रदर्शनीको आयोजना
- कोदोजन्य बालीको मूल्य श्रृंखला अध्ययन
- मौलिक परिकारहरुको खोजि, अभिलेखीकरण, सुधार र प्रोटोकलको स्तरिकरण (protocol standardization)
- प्रमुख कोदोजन्य उत्पादनको पोषण प्रोफाइलिङ्ग
- कोदोजन्य बालीको आधारभूत तथ्यांक संकलन, विश्लेषण र प्रकाशन
- कोदोजन्य बालीको प्रविधि र बजारिकरण सम्बन्धी मोबाइल एप विकास

## ३.४ अनुसन्धान र विकास

- रैथाने जात तथा तिनीहरुको जंगली प्रजातिहरुको खोज, संकलन, चरित्र चित्रण तथा जातिय विकासमा उपयोग
- उच्च प्रविधिको उपयोग गरि ठाउँ बिशेष जातिय विकास तथा सुधार
- कोदोजन्य बाली उत्पादन तथा मूल्य अभिबृद्धिमा उपयोग गरिने उपयुक्त मेशिनरी तथा उपकरणबारे अनुसन्धान र विकास
- खाद्य तथा पोषण गुण तथा रेसिपि बारे अध्ययन तथा अनुसन्धान
- विदेशी कोदोजन्य रैथाने बालीको जातको परिक्षण
- विभिन्न उमेर समूहका व्यक्तिहरुको लागि स्थानीय स्रोत साधनमा आधारित उपयुक्त तयारी खाना (fast food) को तयारी

## ३.५ संरक्षण

- रैथाने जात दर्ता
- सामुदायिक बीउ बैंक/जिन बैंक प्रवर्द्धन
- संरक्षणबारे तालिम तथा जनचेतना
- राष्ट्रिय स्तरमा खोज, संकलन र संरक्षण
- पासपोर्ट लगाएत अन्य जानकारी हरु को अभिलेखीकरण गरि अनलाइन पहुँचको व्यवस्था
- कोदो जन्य बाली र तिनीहरुको जंगली प्रजातिहरुको बिभिन्न किसिमको संरक्षण बैंकहरु मार्फत संरक्षण
- कोदोजन्य बाली संरक्षण तथा जातिय विकासमा योगदान पुर्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत तथा सम्मान गर्ने ।

### ३.६ नीतिगत सुधार

- कोदोजन्य बाली प्रवर्द्धन राष्ट्रिय नीति/प्रवर्द्धन मिशन तर्जुमा ।
- नीतिको आधारमा कोदोजन्य बाली प्रवर्द्धनको पाँच वर्षे कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याउने ।
- श्रावण १५ लाई राष्ट्रिय कोदोजन्य बाली दिवसको रुपमा घोषणा गरि नियमित रुपमा मनाउने ।
- सार्वजनिक वितरण प्रणालीमा कोदोजन्य बालीहरुको उत्पादनलाई समावेश गर्ने ।
- विद्यालयको दिवा खाजा कार्यक्रममा स्थानीय स्तरमा उपलव्ध कोदोजन्य बालीमा आधारित परिकारलाई अनिवार्य रुपमा समावेश गर्ने ।
- कोदोजन्य बालीको उत्पादन, संरक्षण तथा रेसिपि तयारी सम्वन्धि विषय विद्यालयको स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।
- सरकारी निकायहरुले आयोजना गर्ने बैठक, तालिम तथा गोष्ठि एवं अन्य सार्वजनिक कार्यक्रमहरुमा खाजाको रुपमा स्थानीय स्तरमा उपलव्ध कोदोजन्य बालीमा आधारित परिकार उपभोगलाई अनिवार्य गर्ने ।
- तिनै तहका सरकारहरुको कृषि नीति एवं कार्यक्रममा कोदोजन्य बालीको विकास एवं प्रवर्द्धनको मूलप्रवाहिकरणका लागि आवश्यक कार्य गर्ने।

### ३.७ अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान र सहकार्य

- स्वदेशी कोदोजन्य उत्पादनको लागि अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्ने।
- छिमेकि देश भारत लगायत अन्य देशहरु र कोदोजन्य बालीहरुको अनुसन्धान एवं विकासमा कृयाशिल संस्थाहरुसंग सहकार्य गरि आनुवंशिक स्रोत एवं प्रविधिको आदान प्रदान र मूल्य श्रंखला विकासमा सहकार्य गर्ने ।

## ४. अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष सञ्चालन/कार्यान्वयनको संस्थागत व्यवस्था

### ४.१ राष्ट्रिय निर्देशक समिति

| | |
|---|---|
| माननीय मन्त्री, कषि तथा पशुपन्छी विकास मन्त्रालय | - संयोजक |
| सचिव, कषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तर्फ) | - सदस्य |
| सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी विकास तर्फ) | - सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | - सदस्य |
| सहसचिव (कृषि क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग | - सदस्य |
| सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| श्री महानिर्देशक, कृषि विभाग | - सदस्य |
| श्री महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | - सदस्य |
| प्रमुख, राष्ट्रिय आनुवंशिक स्रोत केन्द्र (जिन बैंक) , नेकृअप | - सदस्य |
| सहसचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य सचिव |

**राष्ट्रिय निर्देशक समितिको कार्यविवरण**

- वर्ष सञ्चालनको समग्र मार्गदर्शन, निर्देशन र नियन्त्रण
- अन्तर सरकारी तथा अन्तर निकाय समन्वय
- बर्ष कार्यान्वयनको लागि आवश्यकता अनुसार मन्त्रालय अन्तरगतको निकायहरुको परिचालन एवं निर्देशन
- वर्ष सञ्चालनको लागि आवश्यकता अनुसार आर्थिक एवं अन्य स्रोत पहिचान तथा परिचालन गर्ने, गराउने ।
- आवश्यकता अनुसार उपसमितिहरु गठन तथा परिचालन ।

बैठकमा आवश्यकता अनुसार प्रदेशहरुबाट मन्त्रीज्यूहरु तथा सचिवज्यूहरुलाई बैठकमा आमन्त्रण गरिने छ ।

## ४.२ कार्यान्वयन तथा समन्वय समिति

राष्ट्रिय कृषि जैविक विविधता बर्ष मनाउने सम्वन्धि आवश्यक प्राविधिक एवं व्यवस्थापकिय कार्यहरुको संयोजन र समन्वयको लागि मन्त्रालयको सह सचिवको अध्यक्षतामा देहाय बमोजिम **अन्तर्राष्ट्रिय कोदोजन्य बाली बर्ष कार्यान्वयन तथा समन्वय समिति** गठन गरि परिचालन गरिने छ।

| | |
|---|---|
| महानिर्देशक, कृषि विभाग | - अध्यक्ष |
| उप महानिर्देशक, कृषि विभाग | - सदस्य |
| उप महानिर्देशक, पशुसेवा विभाग | - सदस्य |
| उपमहानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| निर्देशक, बाली तथा बागवानी, नार्क | - सदस्य |
| प्रमुख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | - सदस्य |
| प्रमुख, राष्ट्रिय आनुवंशिक स्रोत केन्द्र (जिन बैंक), नेकृअप | - सदस्य |
| नायव कार्यकारी अधिकृत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी | - सदस्य |
| प्रमुख, राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, नेकृअप | - सदस्य |
| वरिष्ठ अधिकृत, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - सदस्य |
| कोदोजन्य बालीको उद्योग तथा व्यापारमा संलग्न संस्था वा निकायहरुबाट समन्वय समितिले मनोनयन गर्ने सदस्य | - सदस्य |
| कोदोजन्य बालीको क्षेत्रमा संलग्न शिक्षण संस्था र गैर सरकारी संस्थाबाट समन्वय समितिले मनोनयन गर्ने सदस्य (बढिमा दुई जना) | - सदस्य |
| समन्वय समितिले मनोनयन गर्ने कोदोजन्य बाली विज्ञ वा कृषक प्रतिनिधि | - सदस्य |
| वरिष्ठ अधिकृत, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | - सदस्य सचिव |

**कार्यान्वयन समन्वय समितिको कार्यविवरण**

- राष्ट्रिय निर्देशक समितिका निर्णय कार्यान्वयनको लागि आवश्यक व्यवस्था र समन्वय गर्ने ।

- राष्ट्रिय निर्देशक समितिलाई नीतिगत पृष्ठपोषण तथा निर्णय गर्नु पर्ने विषयको प्रस्ताव पेश गर्ने ।
- कोदोजन्य बालीको क्षेत्रमा कार्यरत विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग सम्भावित सहकार्यका क्षेत्रहरुको पहिचान गरि सहकार्य गर्ने ।
- कार्ययोजना कार्यान्वयनको त्रैमासिक समिक्षाको व्यवस्था गर्ने ।
- आवश्यकता अनुसार उपसमिति तथा कार्य समूह बनाइ परिचालन गर्ने।

## ५. अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष सञ्चालन/ कार्यान्यवनमा संलग्न प्रमुख निकायहरू र कार्यविभाजन

| निकाय | कार्य विभाजन/भूमिका |
|---|---|
| 1. कृषि तथा पशुपन्छी विकास मन्त्रालय | • वर्ष कार्यान्वियनको समग्र मार्गदर्शन, निर्देशन र नियन्त्रण |
| 2. कृषि विभाग | • कार्यान्वियनमा सहजिकरण तथा समन्वय, अनुगमन तथा मूल्याङ्कन |
| 3. बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | • रैथाने जात दर्ता सहजिकरण, बीउ वासलात तयारी तथा कार्यान्वयन |
| 4. कृषि सूचना तथा प्रशिक्षण केन्द्र | • बर्ष कार्यान्वियनको श्रव्य दृष्य सामग्री उत्पादन तथा प्रसारण एवं कोदोजन्य बाली विशेषाङ्क लगायतका पठ्य सामाग्री, र अन्य सामाग्री प्रकाशन |
| 5. बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | • वर्षको उपलक्ष्यमा सञ्चालन गरिने सचेतनामूलक कार्यक्रम (राष्ट्रिय स्तरका कार्यक्रम), प्रवर्द्धनात्मक कार्यहरु, प्रोत्साहन मूलक कार्यहरु, प्रकाशन तथा अभिलेखिकरणका कार्यहरु सञ्चालन, वर्ष सञ्चालन सचिवालय |
| 6. राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (राष्ट्रिय जिन बैंक) | • वर्षमा सञ्चालन गरिने कार्यक्रममा प्राविधिक सहयोग, कोदोजन्य बालीहरुको रैथाने जातका अभिलेखिकरण तथा संरक्षणका कार्यहरु, प्रकाशन तथा अभिलेखिकरणका कार्यहरु |
| 7. पहाडी बाली अनुसन्धान केन्द्र | • कोदोजन्य बालीका रैथाने जातहरुको जातिय विकास तथा अनुसन्धान र संरक्षण |
| 8. नार्क अन्तरगतका अनुसन्धान केन्द्रहरु | • कोदोजन्य बालीका रैथाने जातहरु सम्वन्धि अनुसन्धान र संरक्षण |
| 9. प्रादेशिक मन्त्रालय तथा मातहतका कार्यालयहरु | • कोदोजन्य बाली प्रवर्द्धनात्मक कार्यहरु, प्रोत्साहन मूलक |

| | |
|---|---|
| | कार्यहरु, प्रकाशन तथा अभिलेखिकरणका कार्यहरु |
| 10. स्थानीय तह | • स्थानीय स्तरका सचेतनामूलक कार्यक्रम, अभिलेखिकरण एवं संरक्षण कार्यहरु, प्रवर्द्धनात्मक कार्यहरु, प्रोत्साहन मूलक कार्यहरु |
| 11. विश्वविद्यालय तथा विद्यालय एवं अन्य शैक्षिक संघ संस्थाहरु | • कोदोजन्य बाली सम्वन्धि विषयको अध्यापन, अध्ययन/अनुसन्धान, स्थानीय पाठ्यक्रम विकास र सुधार |
| 12. गैर सरकारी संघ संस्थाहरु | • सचेतनामूलक कार्यहरु, प्रवर्द्धनात्मक कार्यहरु, प्रोत्साहन मूलक कार्यहरु, प्रकाशन कार्यहरु |
| 13. कृषक स्तरीय संघ संस्था, बीउ उत्पादक, सामुदायीक बीउ बैंक, सहकारी, स्थानीय क्लब | • सचेतनामूलक कार्यहरु, प्रवर्द्धनात्मक कार्यहरु, प्रोत्साहन मूलक कार्यहरु, प्रकाशन कार्यहरु, बीउको जगेर्ना एवं बीउ उत्पादन र वितरण |
| 14. दातृ निकाय एवं संघ संस्थाहरु | • प्रवर्द्धनात्मक कार्यहरु, प्रोत्साहन मूलक कार्यहरु, प्रकाशन कार्यहरु |
| 15. आम सञ्चार माध्यम | • समाचार, डकुमेन्ट्री, टक सो, खोजमूलक सामाग्री उत्पादन र प्रसारण आदि |

## ६. अपेक्षित उपलव्धीहरु

- कोदोजन्य बालीको महत्वबारे जनचेतना एवं जागरुकतामा अभिवृद्धि ।
- सरोकारवालाहरुविच सहकार्यमा सुधार ।
- कोदोजन्य बालीको उत्पादन, संरक्षण र मूल्य श्रंखला विकासको भावी कार्यदिशा तय गर्नमा पृष्ठपोषण ।

केहि कोदो जन्य बालीहरुको उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण